घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०७६/७७
चलानी नं. ४२

मितिः२०७६/०४/०८

विषयः जातिय पहिचान र जातीय सिफारिस सम्बन्धमा ।

**श्री वडा कार्यालयहरू (सबै)**
घरपझोङ गाउँपालिका, मुस्ताङ ।

उपर्युक्त सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा, सिंहदरबारको च.नं. ४ मिति २०७६|०४|०७ को पत्र तथा पत्रसाथ प्राप्त कागजातहरू थान ३ (तीन) यसैसाथ संलग्न छन् । ब्यहोरा संलग्न पत्रहरुबाट अवगत गर्नु भई सोही अनुसार गर्ने व्यवस्थाको लागि अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थः

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा), सिंहदबार काठमाण्डौं ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

सिंहदरवार, काठमाडौं

फोन नं.०१-४२०००००

पत्र संख्याः २०७६/७७

चलानी नं. ४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति -२०७६/०४/०७

विषयः जातीय पहिचान र जातीय सिफारिस सम्वन्धमा ।

घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

श्री महानगरपालिका (सबै)

श्री उपमहानगरपालिका (सबै)

श्री नगरपालिका (सबै)

श्री गाउँपालिका (सबै),

प्रस्तुत विषयमा राष्ट्रिय दलित आयोगको च. नं. ०६ मिति २०७६।०४।०५ को जातीय पहिचान र जातीय सिफारिस सम्वन्धिको पत्र यसै साथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नु भई सोहि अनुसार गर्ने व्यवस्थाको लागि मिति २०७६।०४।०७ को निर्णयानुसार अनुरोध छ ।

बोधार्थ

सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ; वेभसाइटमा अपलोड गर्नुहुन ।

७६।४।८

सुभद्रा सुवेदी

(शाखा अधिकृत)

प्रशासन
वडा कार्यालयलाई परिपत्र गर्ने ।
७६।४।८

घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
दर्ता नं.: ६२
मिति: २०७६।०४।०८

# राष्ट्रिय दलित आयोग

# National Dalit Commission

राष्ट्रिय दलित आयोग
Jawalakhel
२०७५

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 336
मिति:- 2066108

प.सं. 065/066
च.नं. 06

मिति:- २०७६।०४।०५

विषयः- पत्र अपलोड गरिदिने सम्बन्धमा ।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदबार, काठ्माण्डौ ।

यस राष्ट्रिय दलित आयोगको च.नं. ०६ मिति २०७५।०४।०५ गतेको जातीय पहिचान र जातीय सिफारिस सम्बन्धी यसैसाथ संलग्न रहेको पत्र तहाँ मन्त्रालयको वेभसाइटमा अपलोड गराईदिने व्यवस्था मिलाईदिनुहुन निर्णयानुसार अनुरोध गर्दछु ।

गिरिराज ज्ञवाली

(उप-सचिव)

# राष्ट्रिय दलित आयोग

# National Dalit Commission

Jawalakhel

प.सं. ०६६/०६६
च.नं. ०६

मितिः- २०७६।०४।०५

बिषयः- जातीय पहिचान र जातीय सिफारिस सम्बन्धमा ।

श्री महानगरपालिका (सबै),

श्री उपमहानगरपालिका (सबै),

श्री नगरपालिका (सबै),

श्री गाँउपालिका (सबै) ।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १६ मिति २०७५।०४।३० गतेको परिपत्र अनुसार साविकको राष्ट्रिय दलित आयोगबाट हुदै आएका कामहरु जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण गर्ने काम नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।०४।२३ को निर्णयानुसार तहाँको सम्बन्धित वडा कार्यालयबाट गर्नु गराउनु हुन अनुरोध गरेको परिपत्र तहाँ प्राप्त भैसकेको नै छ ।

यस राष्ट्रिय दलित आयोगले विगतमा जातीय प्रमाणपत्र तथा जातीय सिफारिस दिने गरेकोमा यस आयोग संबैधानिक आयोगको रुपमा स्थापना भएपछि राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा उक्त ब्यवस्था नरहेकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ को उपदफा २ (ङ) को ३४(क) बमोजिम जातीय पहिचान र जातीय सिफारिस गर्ने कार्य वडा समितिको काम, कर्तव्य र अधिकार भित्र रहेको छ । केहि वडाहरुबाट जातीय पहिचान र जातीय सिफारिस पत्र उपलब्ध नगराएको भन्ने सेवाग्राहीको गुनासो यस आयोगमा आईरहेका हुँदा तहाँको सम्बन्धित सबै वडा कार्यालयहरुलाई उक्त विषय पुनः जानकारी गराइदिनुहुन निर्देशानुसार अनुरोध छ । साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र यसैसाथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

गिरिराज ज्ञवाली

(उप-सचिव)

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन नं.
फ्याक्स

पत्र संख्याः २०७५।७६
चलानी नं. १६

मितिः २०७५।०४।३०

विषयः जातीय सिफारिस र जातीय प्रमाणपत्र सम्बन्धमा ।

श्री महानगरपालिका, सबै ।
श्री उपमहानगरपालिका, सबै ।
श्री नगरपालिका, सबै।
श्री गाउँपालिका, सबै।

नेपालको संविधानको भाग २७ मा राष्ट्रिय दलित आयोगको व्यवस्था रहेको छ । यो आयोग गठनका लागि राष्ट्रिय दलित आयोग ऐन, २०७४ समेत जारी भई निकट भविष्यमै आयोग गठन हुने प्रक्रियामा रहेको छ । नेपालको संविधान बमोजिम नयाँ राष्ट्रिय दलित आयोग गठन हुने भएकोले २०५८ सालमा कार्यकारी निर्णयबाट गठित राष्ट्रिय दलित आयोग विघटन भइसकेको छ ।

तसर्थ राज्यले प्रदत्त गरेका सबै सेवा सुविधा समयमानै प्रदान गर्न साविक राष्ट्रिय दलित आयोगको सचिबालयबाट हुँदै आएको कामहरु जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण नेपालको संविधान र राष्ट्रिय दलित आयोग ऐन, २०७४ बमोजिम अब गठन हुने संवैधानिक आयोगको कार्य जिम्मेवारीमा नपरेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीयस्तरमा पारिवारिक लगत तयार गर्ने, जनसंख्याको विवरण तयार गर्ने, लक्षित समूह पहिचान सम्बन्धी कार्य गाँउपालिका र नगरपालिकाले गर्ने र नागरिक सेवा सुविधा र स्थानीय बसोबास सम्बन्धी सम्पूर्ण सिफारिसहरु गाउँपालिका र नगरपालिकाको वडा तहबाट हुने व्यवस्था रहेको सन्दर्भमा साविकमा राष्ट्रिय दलित आयोगले गर्दै आएको जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण गर्ने काम नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।०४।२३ को निर्णयानुसार तहाँको सम्बन्धित वडा कार्यालयबाट गर्नु गराउनु हुन अनुरोध छ ।

२०७५।४।३०

अनिन्द्ररमि विष्ट
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनुहुन ।